# हस्तकला समाचार

मुखपत्र

नेपाल हस्तकला महासंघ

वर्ष १६ | जेष्ठ २०६६ | अंक ९९


## हस्तकला ग्राम सम्बन्धी अन्तरक्रिया

*स्वदेशी सीप एवं श्रोत साधनको अत्याधिक प्रयोग गरी थोरै लागत तथा स-सानो प्रविधि प्रयोग गरी घरेलु उद्योगको रुपमा परम्पराकालदेखि संचालन हुँदै आएका व्यवसायमा हस्तकला प्रमुख रहेको छ । हस्तकला उद्योग व्यवसायले धेरैलाई स्वरोजगारको अवसर प्रदान गर्नुका साथै यसको निकासीबाट देशलाई विदेशी मुद्रा आर्जनमा महत्वपूर्ण योगदान पुग्दै आएको छ । यद्यपि उचित व्यवस्थापन एवं संस्थागत पहलको अभावमा यस क्षेत्रले अपेक्षित लाभ उठाउन सकिरहेको छैन । यसै सन्दर्भमा विविध विधाका हस्तकला वस्तुहरु एकै थलोमा उत्पादन गर्ने वातावरण तयार गरी सम्बन्धित उत्पादक, उपभोक्ता एवं क्रेता दुबै पक्षको हित प्रबर्द्धन गर्ने उद्देश्यले हस्तकला ग्रामको स्थापनाका लागि यस महासंघबाट विगत केही वर्षदेखि निरन्तर पहल हुँदै आएको छ । फलस्वरुप काठमाडौं उपत्यकाभित्र हस्तकला ग्राम स्थापना गर्न सरकारले यस महासंघलाई पूर्वाधार विकासमा सहयोग पुर्‍याउने सन्दर्भमा पहल हुँदै आइरहेको छ । सरकारबाट पूर्वाधार विकास सहयोग प्राप्त पश्चात हस्तकला ग्रामको संस्थागत संरचना, स्थापना एवं संचालन कसरी गर्ने भन्ने छलफल गरी उपयुक्त उपाय पहिल्याउने उद्देश्यले यस महासंघद्वारा २०६६ बैशाख १३ गते काठमाडौंमा हस्तकला ग्राम सम्बन्धी अन्तरक्रिया आयोजना गरियो ।*

प्रारम्भमा उपस्थित सबैलाई कार्यक्रममा स्वागत गर्दै यस महासंघका अध्यक्ष श्री पुष्करमान शाक्यले हस्तकला ग्राम सम्बन्धमा महासंघबाट तयार पारिएको प्रारम्भिक अवधारणा सम्बन्धमा जानकारी प्रस्तुत गर्नुभयो । सो क्रममा उहाँले हस्तकला ग्रामको आवश्यकता, महत्व, औचित्य, पूर्वाधार एवं स्वरुप, समावेश गर्न सकिने विधाहरु, सम्भाव्य सहयोगका क्षेत्र एवं अन्य विषयमा जानकारी प्रस्तुत गर्दै हस्तकला ग्राम स्थापना सम्बन्धमा उपयुक्त विचार एवं सुझाव राख्न सबैमा आग्रह गर्नुभयो । तत्पश्चात सहभागीहरुबीच महासंघद्वारा धेरै अघिदेखि पहल गर्दै आएको हस्तकला ग्राम स्थापना सम्बन्धी विविधपक्षबारे छलफल एवं विचार विमर्स भयो । यस क्रममा सहभागीहरुले हस्तकला ग्राम पर्यटकीय दृष्टिकोणले नजिक र पायक पर्ने स्थानमा हुनुपर्ने, आवश्यक जग्गा प्राप्त गरी उचित श्रोत साधनको व्यवस्था विभिन्न विधाका हस्तकलाको समावेश गर्नुपर्ने, शुरुमा ईच्छुक व्यवसायीहरुलाई प्रबर्द्धकको रुपमा समावेश गर्नुपर्ने, ग्रामको दीगो संचालनका लागि आवश्यक नीति नियमको व्यवस्था हुनपर्ने र सरकारको विशेष सहयोग प्राप्त हुनपर्ने जस्ता सुझावहरु राखेका थिए ।



*महासंघका अध्यक्षबाट हस्तकला ग्राम सम्वन्धी अवधारणा प्रस्तुत गनुहुँदै*

अन्तमा अध्यक्षबाट कार्यक्रममा सक्रिय सभागिताका लागि सबैमा धन्यवाद ज्ञापन गर्दै आउने दिनमा अन्य सराकारवालसंग अन्तरक्रिया गरी सबैको सहभागिता एवं सहार्यमा अगाडि बढ्दै जाने बताउनु भयो ।

## यस भित्र .....


* प्रस्तरकला शास्त्रिय दर्शन रेखाचित्र तथा बुट्टा सम्बन्धी प्रशिक्षण
* महासंघको सूचना तथा परिपत्र
* हस्तकला निकासी विवरण
* E-commerce through openentry
* जिल्ला तथा वस्तुगत संघ गतिविधि
* चाँदीमा क्याडमियम मिसावट स्वास्थ्यमा गिरावट


## विभिन्न जिल्लाहरुमा स्थानीय हस्तकला संघको स्थापना

*महासंघको लक्ष्य एवं उद्देश्य अनुरुप नेपालको विभिन्न ठाउँहरुमा स्थानीय हस्तकलाको विकास, प्रबर्द्धन एवं सम्बर्द्धनका लागि महासंघले विभिन्न पहल गर्दै आएको छ । यस क्रममा महासंघको पहलमा स्थानीय हस्तकला उद्योग व्यवसायको विकास एवं प्रबर्द्धन गर्दै जाने उद्देश्यले हालै ३ जिल्लाहरुः लमजुङ्ग, म्याग्दी तथा मकवानपुर जिल्लामा हस्तकला संघहरु विधिवत गठन भई हस्तकला प्रबर्द्धन सम्बन्धी कार्यहरु संचालन हुँदै आएका छन् । यसैबीच जिल्ला हस्तकला संघहरुको उद्घाटन एवं उक्त संघहरुबाट यस महासंघ समेतको सहयोगमा संचालन हुने विभिन्न विधामा हस्तकला सीप विकास प्रशिक्षण शुभारम्भ कार्यक्रममा सहभागिताका लागि हालै यस महासंघका पदाधिकारी, कार्य समिति सदस्य एवं कर्मचारी सम्मिलित टोलीद्वारा उक्त जिल्लाहरुको भ्रमण सम्पन्न गरियो ।*

बाँकी पृष्ठ २ मा ........)

## प्रस्तरकलामा शास्त्रिय दर्शन रेखाचित्र तथा बुट्टा सम्वन्धी प्रशिक्षण

प्रस्तरकला सम्बन्धी व्यवसायमा संलग्न उद्यमी व्यवसायीहरुलाई रेखाचित्र तथा बुट्टाको महत्व, प्रयोग एवं तत् सम्बन्धी सीप प्रदान गर्ने उद्देश्यले यस महासंघद्वारा प्रस्तरकला वस्तु विकास उप समितिको संयोजनमा २०६६ बैशाख ३० गते एक कार्यक्रमबीच **प्रस्तरकलामा शास्त्रिय दर्शन रेखाचित्र तथा बुट्टा सम्वन्धी ४ महिने प्रशिक्षण** शुभारम्भ गरियो । विज्ञ श्री दीपक जोशी श्रोतव्यक्ति रहनु भएको उक्त प्रशिक्षणमा प्रस्तरकला सम्बन्धी व्यवसायमा संलग्न २० जना उद्यमी व्यवसायीहरुको सहभागिता रहेको थियो । प्रशिक्षणको क्रममा सहभागीहरुलाई शास्त्रिय दर्शन अनुरुप प्रस्तर कला वस्तुको उत्पादन गर्न उपयुक्त रेखाचित्र तथा बुट्टा बनाउने सम्बन्धी सीप सिकाइने कार्यक्रम रहेको छ । प्रशिक्षण संचालनको क्रममा सो समितिका सभापति श्री नविन शाक्यले कार्यक्रमको उद्देश्य, महत्व तथा कार्यक्रम संचालन सम्बन्धमा प्रकाश पार्नुभएको थियो ।



*प्रस्तरकला सम्वन्धी प्रशिक्षणको सुभारम्भका् झलक*

---

## विभिन्न जिल्लाहरुमा स्थानीय हस्तकला संघको स्थापना (पृष्ठ १ बाँकी अंश ......)

२०६६ जेष्ठ ९ गते यस महासंघका अध्यक्ष श्री पुष्करमान शाक्यको प्रमुख आतिथ्य एवं सो संघका अध्यक्ष श्रीमती साधना कुमारी श्रेष्ठको सभापतित्वमा सम्पन्न एक कार्यक्रमबीच म्याग्दी हस्तकला संघको उद्घाटन तथा अल्लो कपडा बुनाई प्रशिक्षण शुभारम्भ भयो । सो क्रममा उक्त संघकी उपाध्यक्ष श्रमिती भुलमाया तिलिजाले स्वागत मन्तव्य राख्दै म्याग्दीको स्थानीय हस्तकला व्यवसायको वस्तुस्थितिबारे जानकारी गराउनु भयो । सो अवसरमा महासंघका अध्यक्ष श्री पुष्करमान शाक्यले अधिराज्यभरका स्थानीय हस्तकलाको विकास एवं प्रबर्द्धन गर्नु महासंघको प्रमुख लक्ष्य रहेको बताउँदै म्याग्दीमा स्थानीय हस्तकला उद्यमी व्यवसायीहरुको सक्रियतामा हस्तकला संघ गठन भएकोमा खुशी व्यक्त गर्नुभयो । यस क्रममा उहाँले सो संघलाई महासंघको जिल्ला हस्तकला संघको सदस्यता प्रमाणपत्र दिनुहुँदै आगामी दिनमा उक्त संघको प्रबर्द्धनात्मक कार्यहरुमा महासंघले सक्दो सहयोग गर्ने बताउँदै सोही दिनबाट संचालन हुने अल्लो वस्तु बुनाई सम्बन्धी प्रशिक्षणका लागि महासंघको सहयोग रकम उपलब्ध गराउनु भयो ।

विषयविज्ञ श्रीमती धनमाया चौधरी श्रोतव्यक्ति रहनु भएको उक्त प्रशिक्षणमा सहभागीहरुलाई म्याग्दीमा प्रचुर मात्रामा उपलब्ध हुने अल्लोबाट विभिन्न हस्तकला वस्तुहरु बुनाई गर्ने सीप सिकाइने कार्यक्रम रहेको छ । कार्यक्रमको अन्तमा धन्यवाद ज्ञापन गर्दै सो संघकी अध्यक्ष श्रीमती साधना कुमारी श्रेष्ठले म्याग्दीमा स्थानीय हस्तकला उद्योग व्यवसायको विकासका लागि उक्त संघले आवश्यक कार्य गर्दै जाने बताउँदै तहाँ कोसेली घरको स्थापना गर्न, उत्पादित हस्तकलाको गुणस्तर विकास एवं बजार प्रबर्द्धनका लागि सहयोग गर्न आग्रह गर्नुभयो । उक्त अवसरमा प्रमुख जिल्ला अधिकारी, जि.वि.स.लघु उद्यम विकास कोष, लघु उद्यम विकास कार्यक्रम, महिला विकास कार्यक्रमका प्रतिनिधिहरु, जिल्ला उद्योग वाणिज्य संघका पदाधिकारीहरु तथा स्थानीय उद्यमी व्यवसायीहरुको उल्लेख्य उपस्थिति रहेको थियो ।



*जिल्ला हस्तकला संघ भ्रमणको क्रममा महासंघका अध्यक्षबाट मकवानपुर हस्तकला संघको उद्घाटन गर्नुहुँदै*

यसै गरी २०६६ जेष्ठ ११ गते महासंघका अध्यक्षज्यूको प्रमुख आतिथ्यमा लमजुङ्ग हस्तकला संघको विधिवत उद्घाटन सम्पन्न भयो । उक्त अवसरमा सो संघका अध्यक्ष श्री मणिलाल बि.क. ले स्वागत मन्तव्य व्यक्त गर्दै लमजुङ्ग जिल्लाको स्थानीय हस्तकलाको संस्थागत विकास एवं प्रबर्द्धन गर्दै जाने उद्देश्यले सो संघको स्थापना गरिएको बताउदै आगामी दिनमा यसको प्रभावकारी विकासलाई महासंघबाट आवश्यक सहयोग र मार्गनिर्देशन गर्न आग्रह गर्नुभयो । उक्त अवसरमा मन्तव्य राख्नुहुँदै यस महासंघका अध्यक्षबाट हस्तकला क्षेत्रको व्यापक विकास एवं प्रबर्द्धनका लागि महासंघले सदस्य एवं हस्तकला उद्यमी व्यवसायीहरुको आवश्यकता अनुसार महासंघले विभिन्न गतिविधिहरु संचालन गर्दै आएको बताउँदै त्यस संघको प्रबर्द्धनात्मक कार्यमा महासंघले सक्दो सहयोग गर्ने बताउनु भयो । यसैगरी कार्यक्रममा मन्तव्य राख्दै यस महासंघकी कार्यसमिति सदस्य तथा प्राकृतिक वस्तु विकास समितिकी सभापति श्रीमती दिव्यतारा तुलाधरले कुनै पनि वस्तुको व्यवसायिक प्रबर्द्धनका लागि गुणस्तरीय वस्तुको उत्पादन गर्नुपर्ने र यसको व्यापक प्रचार प्रसार हुनुपर्ने आवश्यकता औंल्याउँदै स्थानीय वस्तुको गुणस्तर विकास एवं बजार प्रबर्द्धन गर्न सक्दो सहयोग गर्ने बताउनु भयो । उक्त संघ उद्घाटनको अवसरमा यस महासंघका अध्यक्षबाट तहाँका स्थीनय उद्यमी व्यवसायीहरुमा सिलाई सीप सबन्धी दक्षता अभिबृद्धि गर्ने उद्देश्यले यस महासंघको समेत सहयोगमा संचालन हुने सिलाई सीप अभिबृद्धि प्रशिक्षणको शुभारम्भ गर्न भएको थियो । उक्त प्रशिक्षणको

श्रोतव्यक्तिमा श्री रमेशराज बज्राचार्य रहनु भएको छ भने प्रशिक्षणको क्रममा सहभागीहरुलाई ढाका तथा अल्लोजन्य हस्तकला वस्तु उत्पादन सम्बन्धी सीप सिकाइने छ।

यस्तै २०६६ जेष्ठ १२ गते यस महासंघका अध्यक्षज्यूको प्रमुख आतिथ्यमा हेटौंडामा आयोजित एक कार्यक्रम बीच मकवानपुर हस्तकला संघको उद्घाटन सम्पन्न भयो । उक्त अवसरमा सो संघमा अध्यक्ष श्री ज्ञानभक्त लामाले उपस्थित सबैलाई कार्यक्रममा स्वागत गर्दै मकवानपुर जिल्लाको स्थानीय हस्तकला उद्योग व्यवसायको वस्तुस्थितिबारे जानकारी गराउँदै स्थनीय हस्तकलाको विकासका लागि उक्त संघ स्थापना गरिएको बताउनु भयो। सो क्रममा महासंघका अध्यक्षले हस्तकला क्षेत्रको समयसापेक्ष विकास एवं प्रबर्द्धनका लागि महासंघबाट विभिन्न प्रबर्द्धनात्मक गतिविधिहरु संचालन गर्दै आएको बताउँदै त्यस संघको कुनै पनि प्रबर्द्धनात्मक कार्यमा महासंघबाट सक्दो सहयोग गर्ने बताउनु भयो । उक्त अवसरमा मन्तव्य व्यत्तः गर्दै महासंघका कार्यसमिति सदस्य एवं काष्ठकाल वस्तु विकास समितिका सभापति श्री अनिल कुमार शिल्पकारले हस्तकला निकासीमा काष्ठकला वस्तुको योगदान र काष्ठकला सीपको महत्वबारेमा प्रकाश पार्नुभएको थियो । साथै उहाँले महासंघको पहलमा काष्ठकला क्षेत्रमा संलग्न उद्यमी व्यवसायीहरुको सीप प्रमाणिकरणका लागि उक्त अवसरमा यस महासंघका अध्यक्षबाट मकवानपुरका स्थानीय उद्यमी व्यवसायीहरुमा काष्ठकला सम्बन्धी सीप अभिबृद्धि गरी स्वरोजगार तुल्याउने उद्देश्यले यस महासंघको समेत सहयोगमा संचालन हुने काठमा बुट्टा कुँद्ने सीप सम्बन्धी प्रशिक्षणको शुभारम्भ गर्नुभएको थियो ।

सो कार्यक्रमहरुमा प्रमुख जिल्ला अधिकारी, जिल्ला विकास समिति, जिल्ला उद्योग वाणिज्य संघ एवं सम्बन्धित विभिन्न निकाय, संघ संस्थाका प्रतिनिधिहरु लगायत स्थानीय उद्यमी व्यवसायीहरुको उपस्थिति रहेको थियो । उक्त अवसरमा यस महासंघका अध्यक्षबाट सम्बन्धित जिल्ला हस्तकला संघका अध्यक्षलाई महासंघको जिल्ला हस्तकला संघको रुपमा आवद्ध सदस्यता प्रमाणपत्र समेत प्रदान गर्नुभयो ।

# महासंघको सूचना तथा परिपत्र

## सदस्यता नवीकरण सम्बन्धी सूचना

१. यस महासंघको विधान २०६३ (पहिलो संशोधन ०६५ सहित) को दफा ३.८ अनुसार सदस्य महानुभावहरुको सदस्यता प्रत्येक वर्षको आषाढ मसान्तसम्म मात्र वहाल रहने व्यवस्था रहेको छ । तसर्थ विधानको दफा ३.५ को उपदफा (ङ) वमोजिम वार्षिक सदस्यता शुल्क वुझाइ आर्थिक वर्ष समाप्त भएको मितिले ३५ दिन (**२०६६ भाद्र ३ गते बुधबार**) भित्र सदस्यता नवीकरण गर्नु हुन अनुरोध गरिन्छ ।

२. उल्लेखित मिति भित्र शुल्क वुझाई आफ्नो सदस्यता नवीकरण नगर्ने सदस्यहरुको सदस्यता स्वतः निष्क्रिय भएको मानिने व्यहोरा पनि यसै सूचनाद्वारा जानकारी गराइन्छ । त्यसरी निष्क्रिय भएका सदस्यहरुलाई निष्क्रिय भएको मितिले ३ वर्षभित्र बांकी बक्यौता रहेको वार्षिक शुल्क र तोकिएको जरिवाना लिई कार्य समितिले नवीकरण गर्ने अनुमति प्रदान गर्न सक्ने छ। जरिवानाको हकमा पहिलो वर्षको लागि तोकिएको प्रवेश शुल्कको **४० प्रतिशत** दोश्रो वर्षको लागि **६० प्रतिशत** र तेश्रो वर्षको लागि **८० प्रतिशत** जरिवाना लाग्ने छ । सो अवधिमा पनि नवीकरण नगर्ने सदस्यको सदस्यता खारेज गरी उक्त सदस्यको विवरण सदस्यताको अभिलेखबाट हटाइने र उक्त मिति भन्दा पछि सदस्यता नवीकरण नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

३. विधानको दफा ३.८ अनुसार प्राइभेट फर्म र साझेदारी फर्महरुले सदस्यता नवीकरणको निमित्त अघिल्लो वर्षसम्ममा सम्बन्धित निकायमा नवीकरण गरेको प्रमाण पेश गर्नु पर्नेछ ।

४. जिल्ला हस्तकला संघ तथा बस्तुगत संघ सदस्यहरुको हकमा आगामी २९ औं वार्षिक सभा भित्रमा शुल्क बुझाई नवीकरण गर्न सकिने छ । यस सम्बन्धी थप जानकारी आवश्यक परेमा महासंघको प्रशासनमा सम्पर्क राख्नु हुन समेत अनुरोध गरिन्छ ।

## आधारभूत ग्यांस वेल्डिङ्ग सम्बन्धी प्रशिक्षण

धातु मूर्तिकला उत्पादन तथा व्यवसायमा संलग्न उद्यमी, कलाकार तथा कालिगढहरुमा ग्यास वेल्डिङ्ग सम्बन्धी समयसापेक्ष सीप अभिबृद्धि गरी व्यवसाय प्रबर्द्धन गर्ने उद्देश्यले यस महासंघद्वारा औद्योगिक उर्जा व्यवस्थापन आयोजना र महासंघका सदस्य संघहरु: ललितपुर हस्तकला संघ, काठमाडौं हस्तकला संघ र भक्तपुर हस्तकला संघको सहयोगमा देहाय बमोजिम आधारभूत ग्यांस वेल्डिङ्ग सीप सम्बन्धी प्रशिक्षण संचालन हुने भएको हुँदा इच्छुक सदस्य महानुभावहरुले तोकिएको मिति भित्र हस्तकला डिजाईन तथा विकास केन्द्र, पुल्चोकमा आवेदन दिन हुन अनुरोध गरिन्छ ।

| | | |
|---|---|---|
| प्रशिक्षण | : | आधारभूत ग्यांस वेल्डिङ्ग प्रशिक्षण |
| अवधि | : | १ हप्ता |
| मिति | : | २०६६ असार ७ देखि १२ सम्म |
| समय | : | दिनको ३ बजे देखि ७ बजेसम्म |
| स्थान | : | हस्तकला डिजाईन तथा विकास केन्द्र, पुल्चोक |
| सहभागी संख्या | : | २५ जना, पुरुष २० जना र महिला ५ जना |
| सहभागी शुल्क | : | **पुरुषको लागि लाग्ने शुल्क**<br>रु.५५० (सदस्य, प्रति व्यक्ति)<br>रु.७७० (गैर सदस्य, प्रति व्यक्ति)<br>**महिलाको लागि लाग्ने शुल्क**<br>रु.२२० (सदस्य, प्रति व्यक्ति)<br>रु.३३० (गैर सदस्य, प्रति व्यक्ति) |
| योग्यता | : | धातु मूर्तिकलामा कार्यरत रही साधारण लेख, पढ गर्न सक्ने |
| प्राथमिकता | : | पहिलो आवेदकाई पहिलो प्राथमिकता दिइने छ |
| आवेदन दिने अन्तिम मिति | : | २०६६ असार ४ गते बिहिबार भित्र |
| सम्पर्क | : | हस्तकला डिजाईन तथा विकास केन्द्र<br>पुल्चोक, मचागा, ललितपुर<br>फोन नं. ५५२२८१५/५५२४०६८ |

## भंगी (धातुको गजूरको आसन) बनाउने प्रशिक्षण

यस महासंघद्वारा देहाय बमोजिम भंगी (धातुको गजूरको आसन) बनाउने प्रशिक्षण संचालन गरिने भएको हुँदा इच्छुक सदस्य महानुभावहरुले तोकिएको मिति भित्र हस्तकला डिजाईन तथा विकास केन्द्र, पुल्चोकमा आवेदन दिन हुन अनुरोध गरिन्छ ।

### कार्यक्रमको विवरण

| | | |
|---|---|---|
| मिति | : | २०६६ आषाढ १४ देखि १८ गते सम्म |
| समयावधि | : | ५ दिन |
| समय | : | विहान ७.०० बजे देखि ९.०० बजेसम्म (२ घण्टा) |
| स्थान | : | हस्तकला डिजाईन तथा बिकास केन्द्र, मचागाल, पुल्चोक, ललितपुर |
| उद्देश्य | : | उत्पादक/कलाकारहरुको विद्यमान सीप अभिवृदि गर्ने |
| प्रशिक्षक | : | श्री राजकुमार शाक्य |
| सहभागी संख्या | : | १५ जना |
| सहभागी शुल्क | : | रु. ५००/ प्रति व्यक्ति (सदस्य) |
| लक्षित समूह | : | धातुका छाना तथा गजूर उत्पादनमा संलग्न कलाकारहरु |
| ग्राहयता | : | पहिलो आबेदकलाई पहिलो ग्राहयता दिइने छ । |
| फारम बुझाउने अन्तिम मिति | : | **०६६ आषाढ ११ गते विहिबार सम्म** |
| फारम बुझाउने स्थान | : | हस्तकला डिजाईन तथा बिकास केन्द्र<br>मचागाल, पुल्चोक, ललितपुर<br>फोन नं ५५२२८१५, ५५२४०६८ |

# हस्तकला निकासी विवरण

### आ.व.२०६५/६६, (श्रावण – चैत्र)

यस महासंघको निकासी तथ्यांक अनुसार गत आर्थिक वर्ष २०६४/६५ श्रावणदेखि चैत्र मसान्तसम्ममा कुल रु. १,८९,५३,५०,१८५ बराबर को विभिन्न हस्तकलाका वस्तुहरुको निकासी भएकोमा यस आर्थिक वर्ष २०६५/६६ श्रावणदेखि चैत्र मसान्तसम्ममा कुल रु. २,२२,४४,८५,९४४ बराबर को विभिन्न हस्तकलाका वस्तुहरु निकासी भएको छ। गत वर्षको तुलनामा आ.व. २०६५/६६ को सोही अवधिमा हस्तकलाका वस्तुहरुको निकासीमा १७ प्रतिशतले बृद्धि भएको छ। महासंघको निकासी तथ्यांक अनुसार यस आर्थिक वर्षमा धातुका वस्तु, अन्य सूतीजन्य वस्तु, हाड तथा सिङ्गका वस्तु, धुपजन्य वस्तु र बेतबाँसको सामान आदिको निकासीमा बाहेक अन्य वस्तुको निकासीमा गत वर्षको सोही अवधिको तुलनामा बृद्धि भएको देखिन्छ।

| क्र.सं. | सामान विवरण | कुल निकासी श्रावण देखि चैत्रसम्म | | + / - गत वर्षको तुलनामा २०६५/६६ को प्रतिशत निकासी अन्तर | २०६५/६६ को कुल निकासीमा प्रतिशत अंश |
|---|---|---|---|---|---|
| | | आ.व.२०६४/६५ | आ.व.२०६५/६६ | | |
| १ | पश्मिना | ४३८,५२७,७५५ | ५७३,६५२,४६० | ३१ | २५.७९ |
| २ | ऊनीका सामान | २६४,२८८,५९६ | ३३६,९५९,८३० | २७ | १५.१५ |
| ३ | चाँदीका गर - गहना | २४६,१८६,४३३ | २६५,०५१,३७० | ८ | ११.९२ |
| ४ | धातुका मूर्ति | २७५,२१५,०९० | २६२,४८४,८६४ | (५) | ११.८० |
| ५ | हाते कागजका सामान | १६०,१७५,४२३ | १८६,७७५,१०८ | १७ | ८.४० |
| ६ | हेम्प तथा अल्लोका सामान | २४,३२१,६८८ | २९,२६५,८१२ | २० | १.३२ |
| ७ | सिल्कका सामान | ९२,६४३,७८४ | १०३,९५०,८५६ | १२ | ४.६७ |
| ८ | सूतीजन्य सामान | ७३,८१७,४९७ | ८९,९६८,८७० | २२ | ४.०४ |
| ९ | अन्य टेक्सटाइलका सामान | ११,२५१,१९३ | ४,४१८,२८९ | (६१) | ०.२० |
| १० | ढाकाका सामान | १,२९६,७७८ | २,६६३,८९९ | १०५ | ०.१२ |
| ११ | फेल्टजन्य सामान | १२९,८४२,३८३ | १७८,३५३,९५७ | ३७ | ८.०२ |
| १२ | काष्ठकलाका सामान | ४२,५१७,५३० | ४३,९६३,६९५ | ३ | १.९८ |
| १३ | पौभा (थान्का) | १०,३९७,९८९ | ११,१२०,३७८ | ७ | ०.५० |
| १४ | हाड तथा सिंगका सामान | १७,४०४,०१० | १४,६०६,३७१ | (१६) | ०.६६ |
| १५ | सेरामिक्सका सामान | १०,०५८,१०४ | १२,९११,०९९ | २८ | ०.५८ |
| १६ | धुपजन्य वस्तु | १२,६७४,७०० | ११,४६५,३१६ | (१०) | ०.५२ |
| १७ | छालाजन्य सामान | ९,३१२,५१७ | १२,१५८,५८५ | ३१ | ०.५५ |
| १८ | पोतेका सामान | ३,८३३,१२१ | ९,९२४,६८३ | १५९ | ०.४५ |
| १९ | बेतबाँसका सामान | १,९२८,६०२ | १,४०६,२६२ | (२७) | ०.०६ |
| २० | प्रस्तरकलाका सामान | १,८५०,९३८ | २,७५४,१३५ | ४९ | ०.१२ |
| २१ | प्लास्टिकका सामान | ११,०३९,६७७ | १९,१६८,६२५ | ७४ | ०.८६ |
| २२ | विविध | ५६,७६६,३८० | ५१,४६१,४७९ | (९) | २.३१ |
| | जम्मा | १,८९५,३५०,१८५ | २,२२४,४८५,९४४ | १७ | १००.०० |

### हस्तकलाका वस्तुहरु निकासी हुने प्रमुख मुलुकहरु
### आ.व. २०६५/६६, श्रावण - चैत्र

| क्र.सं. | निर्यात हुने देश | निकासी परिमाण | कुल निकासीमा प्रतिशत अंश | क्र.सं. | निर्यात हुने देश | निकासी परिमाण | कुल निकासीमा प्रतिशत अंश |
|---|---|---|---|---|---|---|---|
| १ | अमेरिका | ५२५,७५४,४८७ | २३.६३ | ११ | नेदरल्याण्डस् | ३६,८४४,२३९ | १.६६ |
| २ | जर्मनी | १८५,७४२,७३६ | ८.३५ | १२ | भारत | ३१,९३३,३९३ | १.४४ |
| ३ | जापान | १६९,२६३,४९२ | ७.६१ | १३ | डेनमार्क | २५,६२४,४३५ | १.१५ |
| ४ | बेलायत | १३३,६८८,३९८ | ६.०१ | १४ | अष्ट्रेलिया | २५,०८०,०५० | १.१३ |
| ५ | इटाली | १२९,३३३,४४६ | ५.८१ | १५ | स्वीडेन | २०,९८१,३६० | ०.९४ |
| ६ | फ्रान्स | ११८,१२६,१०५ | ५.३१ | १६ | ताइवान | २०,६७८,९६२ | ०.९३ |
| ७ | क्यानाडा | ९७,१३६,३९९ | ४.३७ | १७ | बेल्जियम | २०,११५,४१९ | ०.९० |
| ८ | तिब्बत | ९०,३६१,००१ | ४.०६ | १८ | हङकङ | १९,७६५,०२३ | ०.८९ |
| ९ | स्विटजरल्याण्ड | ४८,४२८,२१२ | २.१८ | १९ | चेक रिपब्लिक | १७,००७,२६५ | ०.७६ |
| १० | स्पेन | ४३,९२०,३२३ | १.९७ | २० | नर्वे | १३,००२,१६३ | ०.५८ |

# E-commerce through Open Entry
# A viable means for global trade

- Mr. Surendra Shahi

*The emerging global recession has already impacted on economic activities of developing countries resulting domestic price rise, unemployment and decline in export trade. In such a plight, an effort should be made to boost up domestic, regional and international trade to fight and protect from reverse effects.*

*Micro and small and medium enterprise (MSMEs) development is and will continue to be the most powerful strategy for poverty reduction in the developing world. MSME's potential is hindered by, a lack of modern business practices, a lack of accurate and timely information about market status and trends, a lack of contact with potential customers in other cities and countries, high international shipping costs, and a lack of expert advice on product development and marketing. Ecommerce has become one of the viable means to tackle on above issues. Ecommerce is working for developing trades and sweeping throughout the world; it cuts cost, increases profits, and enables buyer and seller to work together more productively. The developing world is currently far behind the "digital divide," the cyber-curtain that threatens to make even worse the gap between the rich and poor nations. But if technology is blamed for such cause of inequality, it can also be put to use to reverse it.*

Micro and Small and medium enterprises (M**SMEs**) including handicraft producers are eager to benefit from the exciting opportunities offered by e-commerce. Yet, up to now, it has been too difficult and expensive for most producers and M**SMEs** to undertake simply due to cost, lack of adequate knowledge and complexity involve in adopting appropriate ecommerce system that mostly designed for developed world.

PEOPLink' OpenEntry system ( **www.openentry.com**) is the latest free tools built on web 2 based using google app engine. PEOPLink/**OpenEntry** is the only organization providing totally **free** e-commerce catalogs (software, hosting, user support) to M**SMEs** worldwide. Many Nepalese MSMEs are already using it for both B2B and B2C ecommerce

**OpenEntry** catalogs are based on **Google** spreadsheets that are simple to maintain from any computer on the Internet. To set up basic web catalog, user sends request with their desired catalog code name and email to **openentry3@gmail.com** . Within 24 hrs OpenEntry will email back with information on website set up and shared the spreadsheet link to users that then they can update their website content, products photo or modify the layout as per their need. User can build full ecommerce site for B2B or B2C with credit card payment receiving capabilities. In addition OpenEntry offers other value added services for users such as customization of professional design layout, counseling on search engine optimization and general ecommerce promotion, OpenEntry also facilitate **User Support** staff collaborating on-line in real time with M**SME** users anywhere in the world. By using OpenEntry system there is less infrastructure headache to manage as its host data on google.

"We have started, not with developing world MBAs who want to start small businesses, but with artisans, among the world's lower income group people, who are poorly educated, often illiterate, and living in enormously challenging conditions – far behind the digital divide. We have achieved creating world-class system tools that can help lift many of them out of abject poverty." Says, Dan Salcedo, the CEO of PEOPLink/OpenEntry

**OpenEntry** catalogs are permanent. It is award winning platform provides a complete e-commerce solution including software, hosting, and User Support with choice of customizable templates, no ads, and worldwide credit card capability. With **OpenEntry**, M**SMEs** will also be able to manage their on-line catalogs via Internet enabled "**smart phones**"

The real power of the OpenEntry system lies in its capability to build a "Network Market" that aggregates many individual vendor catalogs on OpenEntry system or built in any system into a searchable portal.

**OpenEntry** enables M**SMEs networks** (such as chambers of commerce, trade promotion organizations, or industry associations) to aggregate their members' catalogs (even those created with another system) into powerful on-line **"network markets"** (sometimes called "cluster marketplaces") capable of generating the visibility and credibility necessary for global e-commerce. See example of Network market built for FHAN **www.nepalhandicraftmarket.com**

**OpenEntry** also has a built-in referral (often called "affiliate") system that tracks the origin of both B2C and B2B orders. This enables individuals and organizations to monetize the rich networks of trusted relationships built over years.

With **OpenEntry**, M**SME networks** can establish a revenue stream by providing valuable e-commerce services to their smallest up to their most sophisticated members. For details visit website **www.openentry.com**

# जिल्ला एवं वस्तुगत संघ सदस्यहरूको गतिविधिहरु

## व्यवसायिक संस्थाहरुको क्षमता अभिबृद्धि सम्बन्धी कार्यक्रम

हस्तकला लगायत विभिन्न संघ संस्थामा आबद्ध उद्यमी व्यवसायीहरुलाई यूरोपीयन युनियन तथा विश्व व्यापार संगठनका (WTO) लगायत विश्व व्यापार परिवेश र व्यवस्थाबारे समसायिक जानकारी प्रदान गरी व्यवसाय विकास सम्बन्धी क्षमता अभिबृद्धि गर्ने उद्देश्यले यस महासंघकोसंस्थागत सदस्य ललितपुर हस्तकला संघद्वारा यूरोपीयन युनियनको सहयोगमा European Economic Chamber (EEC), Nepal, बाट संचालित Enhancing the the Capcity of Intermediary Business Organizations in Nepal (ECIBON) परियोजनाको सहयोगमा २०६६ बैशाख ३ र ४ गते ललितपुरमा EU/WTO Quality & Social Standard Issues विषयक गोष्ठी आयोजना गरियो । उक्त कार्यक्रम शुभारम्भको पहिलो चरणमा स्वागत मन्तव्य व्यक्त गर्दै सो संघका अध्यक्ष श्री रुपरत्न शाक्यले ललितपुर नगर हस्तकला विधामा धेरै पहिलेदेखि प्रख्यात रहँदै आएको चर्चा गर्दै त्यसको संरक्षण एवं प्रबर्द्धन गर्ने उद्देश्यले सो संघबाट समयसापेक्ष कार्य गर्दै आएको बताउनु भयो । सो अवसरमा ECIBON परियोजनाका व्यवस्थापक श्री प्रभाकर राणाले सो परियोजनाको कार्यबारे प्रकाश पर्नुभयो । यसैगरी कार्यक्रममा प्रशिक्षणका श्रोतव्यक्तिहरु श्री जयन्द्र रिमाल र डा. बद्री पोखरेलबाट विषयगत जानकारीहरु प्रदान गरिएको थियो । सो अवसरमा मन्तव्य राख्दै यस महासंघका पूर्व अध्यक्ष एवं सो संघका सल्लाहकार श्री इन्द्रबहादुर शाक्यले हस्तकलाको व्यवसायिक पृष्ठभूमि र देशको आर्थिक उन्नतिमा हस्तकलाको महत्वबारे प्रकाश पार्दै समयसापेक्ष सीप एवं दक्षता हासिल गरी अधि बढ्नुपर्ने आवश्यकता औंल्याउनु भयो । अन्तमा सो संघका उपाध्यक्ष श्री दीपेन्द्र शाक्यले कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्ने सबैमा धन्यवाद ज्ञापन गर्नुभयो । कार्यक्रममा हस्तकला उद्योग व्यवसाय लगायत अन्य संस्थाका प्रतिनिधिहरु गरी करीब ३० जनाको सहभागिता रहेको थियो ।

## ASYCUDA भन्सार प्रक्रिया सम्बन्धी जानकारीमूलक कार्यक्रम

निकासीको क्रममा आवश्यक प्रक्रियागत कार्य सहज रुपमा सम्पन्न गर्न तथा निकासी प्रक्रियालाई व्यवस्थित गर्न सरकारले समयसापेक्ष भन्सार प्रणलीमा सुधार गर्दै आएको छ । यस क्रममा निकासीकर्ताहरुलाई निकासी प्रक्रिया सम्बन्धी समसामयिक जानकारी प्रदान गर्नुका साथै त्रिभुवन विमानस्थल भन्सार कार्यालय लगायत देशका विभिन्न भन्सार बिन्दुहरुमा भन्सार प्रक्रिया सहजीकरणका लागी लागू गर्दै आएको ASYUDA प्रणाली सम्बन्धी जानकारी प्रदान गर्ने उद्देश्यले नेपाल निर्यात परिषद्द्वारा यस महासंघको सहयोगमा २०६६ जेष्ठमा ASYCUDA सम्बन्धी जानकारीमूलक कार्यक्रम आयोजना गरियो ।

सो अवसरमा स्वागत मन्तव्य व्यक्त गर्दै सो परिषदका अध्यक्ष श्री नरेश दासले कार्यक्रमको उद्देश्य र महत्वबारे प्रकाश पार्दै सहज निकासी सेवा प्रदान गर्न त्रि.वि. भन्सार कार्यालयमा काउन्टरको व्यवस्था गरिएको जानकारी गराउनु भयो । उक्त अवसरमा मन्तव्य व्यक्त गर्दै प्रमुख अतिथि एवं वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव श्री पुरुषोत्तम ओझाले सरकारले निकासी क्षेत्रलाई प्रमुख प्राथमिकता दिदै आएको बताउँदै व्यवसायीहरुले समयसापेक्ष गुणस्तरीय वस्तुको उत्पादन गरी प्रतिस्पर्धी रुपमा सम्भाव्य विश्व बजारमा विस्तार गर्नुपर्नेमा जोड दिनु भयो । यसैगरी सरकारी बिदाको दिनमा पनि त्रि.वि.भन्सार कार्यालयले निकासी सेवा संचालन गर्दै आएको बताउँदै प्रमुख भन्सार प्रशासक श्री मुक्ति नारायण पौडेलले ASYCUDA प्रणाली प्रयोग गर्न आग्रह गर्नुभयो । सो क्रममा मन्तव्य राख्दै यस महासंघका अध्यक्ष श्री पुष्करमान शाक्यले हस्तकला लगायत नेपाली उत्पादनको निकासी प्रबर्द्धनका लागि निकासी प्रक्रिया सहज एवं सुविधायुक्त तुल्याउन र आवश्यक नीति नियम तर्जुमा गरी कायान्वयन गर्न सरकारमा अपील गर्नुभयो । उक्त अवसरमा व्यापार तथा निर्यात प्रबर्द्धन केन्द्रका कार्यकारी निर्देशक श्री दिलिप अर्याल, त्रि.वि.भन्सार एजेन्ट एसोसिएसनका अध्यक्ष श्री शिव नारायण जोशी र सो परिषद्का निवर्तमान अध्यक्ष श्री राजु श्रेष्ठले निकासी प्रबर्द्धनका लागि गर्नुपर्ने पहल एवं ASYCUDA प्राणलीको उपयोगबारेमा आ-आफ्ना भनाइहरु राख्नु भएको थियो । कार्यक्रममा निकासीकर्ता, संचारकर्मी लगायत विभिन्न संघ संस्थाका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।

### विविध तालिम/सेमिनार/गोष्ठी/तालिममा सहभागिता

२०६५ साल चैत्र र २०६६ बैशाख महिनासम्म विभिन्न संघ संस्थाद्वारा आयोजित निम्न कार्यक्रमहरुमा महासंघका पदाधिकारी, कार्यसमिति सदस्यहरु, व्यवसायी तथा कर्मचारीहरु सहभागी हुनुभयो ।

| क्र.सं. | कार्यक्रम | मिति | आयोजक | सहभागीको नाम |
|---|---|---|---|---|
| १ | नेपाल सप्ताह सम्बन्धी अन्तरक्रिया | १२ चैत्र, २०६५ ललितपुर | व्यापार तथा निकासी प्रबर्द्धन केन्द्र | श्री तुला नरसिंह शाक्य, कार्यालय सचिव |
| २ | पाठयक्रम सम्बन्धी गोष्ठी | १४ चैत्र, २०६५ | रोजगारीका लागि शीप परियोजना | श्री रविन्द्रनाथ श्रेष्ठ, सहायक सचिव |
| ३ | लघु घरेलु उद्योग विकास सम्बन्धी अन्तरक्रिया | १७ चैत्र, २०६५ काठमाडौं | घरेलु तथा साना उद्योग विकास समिति | श्री देवराज वज्राचार्य, सहायक सचिव |
| ४ | सम्पत्ति कर सम्बन्धी अन्तरक्रिया | १८ चैत्र, २०६५ काठमाडौं | नेपाल उ. बा. महासंघ | श्री पुष्करमान शाक्य, अध्यक्ष |
| ५ | नेपाल चीन तिब्बत व्यापार मेला बारे छलफल | १९ चैत्र, २०६५ ललितपुर | व्यापार तथा निकासी प्रबर्द्धन केन्द्र | श्री तुला नरसिंह शाक्य, कार्यालय सचिव |
| ६ | नयां संबिधानमा निजी क्षेत्रको भूमिका सम्बन्धी अन्तरक्रिया | २० चैत्र, २०६५ काठमाडौं | नेपाल उ. बा. महासं३ | अध्यक्ष |
| ७ | आर्थिक रुपान्तर০ सम्बन्धी गोष्ठी | २९ चैत्र, २०६५ काठमाडा | नेपाल उ. बा. महासं३ | कासस श्री वेदराज १वाली |
| ८ | ग्रामिण उद्यम विकास गोष्ठी | ४ बैशाख, २०६६ काठमाडा | नेपाल उ. बा. महासं३ - ढ्पि्स नेपाल | कास सदस्य श्रीमती यशोदा वैद्य |

## चाँदीमा क्याडमियम मिसावट
## आफनो स्वास्थ्यमा भारी गिरावट

नेपालबाट तेश्रो मुलुकमा निर्यात भईरहेका चाँदी गरगहनामा **क्याडमियम** मिसावट भएको प्रमाणहरु भेट्टिन थालेका छन् । सम्बन्धित आयातकर्ता मुलुकको भन्सार बिन्दुमा निर्यात भएका चाँदीका गरगहनाको परिक्षण गर्दा **क्याडमियम** मिसावट पाइएको सूचना महासंघमा प्राप्त भएको छ ।

हामीले थाहा पाए सम्म अल्पकालीन दृष्टिबाट चाँदीमा **क्याडमियम** मिसाउँदा क्याडमियम जस्तो सस्तो पदार्थलाई चाँदीको मूल्यमा बेच्न सकिने भई उत्पादकहरु यस कार्य प्रति प्रेरित भएको पाइन्छ । तर दीर्घकालीन दृष्टिकोणबाट हेर्ने हो भने यस्तो मिसावटले न त उत्पादकलाई न त निकासीकर्तालाई कुनै फाइदा पुऱ्याउँदछ । **क्याडमियम**ले स्वास्थ्यमा पार्ने नकारात्मक प्रभाव प्रति विदेशी आयातकर्ता अत्यन्त सचेत र संवेदनशील भएकाले कुनै पनि क्षणमा **क्याडमियम** मिसिएको चाँदीका सामानको आयातमा प्रतिबन्ध लाग्न सक्ने प्रबल संभाबना देखिएको छ । चाँदीका सामान र गरगहनामा **क्याडमियम** मिसाउनु भनेको **सुनको फुल पार्ने कुखुराबाट दैनिक एउटा सुनको फुल पाउनुको सट्टा कुखुरालाई मारेर सबै सुनको फुल एकैपटक हात पार्न खोज्दा हुने नोक्सानी जस्तै हो** ।

**क्याडमियम** भनेको कुनै धातु होइन । यो त जिंक, सिसा र तामाको धौ पगाल्दा निक्लने पदार्थ हो । चांदी जस्तै देखिने र चाँदीमा भन्दा काम गर्न सजिलो हुने हुनाले पनि अविकसित देशहरुमा यसको प्रयोग धेरै मात्रामा हुने गर्दछ । तर जब यसबाट स्वास्थ्यमा पर्ने नकारात्मक असरबारे थाहा पाइन्छ तब मान्छेले **क्याडमियम**को प्रयोग तुरुन्त बन्द गर्दछ ।

**क्याडमियम**को सबभन्दा डरलाग्दो असर भनेको यसलाई पगाल्दा निस्कने धुँवाबाट फोक्सोमा पर्ने असर हो । यो धुँवाबाट ब्रोन्काइटिस लगायतका रोग लाग्नुको साथै फोक्सोले काम गर्न नै बन्द हुने अबस्थासम्म पनि आउँदछ । **क्याडमियम** मृगौलामा पुगेर जम्मा हुन थालेपछि यसले मृगौला सम्बन्धी रोगहरु लाग्दछ र मृगौलामा पत्थरी जम्ने भइरहन्छ । लगातार **क्याडमियम**को धुँवा नजिक रहने व्यक्तिको मृगौला र कलेजो कमजोर हुनुका साथै हाड कमजोर हुने देखि लिएर नसा सम्बन्धी रोग र रोग प्रतिरक्षा गर्ने शरीरको प्रणालीलाई समेत हानी पुऱ्याउँदछ ।

अब आफै बिचार गर्नुहोस चांदीमा **क्याडमियम** मिसाउँदा तपाईको नाफा बढ्छ कि नोक्सान धेरै हुन्छ । एकातिर निकासी व्यापार चट हुने अर्कोतिर शरीर बेकम्मा हुने **क्याडमियम** प्रयोग गरी केही रुपैया बढी कमाएर आफनो शरीरलाई बिगार्न तपाईहरु पक्कै पनि चाहनु हुन्न होला ।

अत: सम्बन्धित सबै उत्पादक तथा निकासीकर्तालाई यस विषयमा आफु सजग हुनुको साथै यसको खराब असरबारे अरुमा चेतना फैलाउने काममा समेत सहयोगका निमित्त महासंघ सम्बद्ध सबैमा हार्दिक आव्हान गर्दछ ।

## भावपूर्ण श्रद्धाञ्जली



यस महासंघका प्रथम उपाध्यक्ष श्री बिजयरत्न शाक्यका धर्म पत्नी बबिता शाक्याको असामयिक स्वर्गारोहण भएकोमा निकै मर्माहत भएका छौं । दुःखको यस घडिमा मृत आत्माको चीर शान्तिको कामना गर्दै समस्त शोक सन्तप्त परिवारप्रति भावपूर्ण श्रद्धाञ्जली प्रकट गर्दछौं ।

**नेपाल हस्तकला महासंघ**
परिवार
उपमामार्ग, थापाथली हाटर, काठमाडौं

### महासंघको प्रकाशनहरू

| | | |
|---|---|---|
| 1. | The Iconography of Nepalese Buddhism | US$ 10.00 |
| 2. | Short Description of Gods & Goddesses | US$ 03.00 |
| 3. | Product Catalogue (8 Sheets per set) | US$ 03.00 |
| 4. | Artistic Heritage of Nepal | US$ 10.00 |
| 5. | Sacred Art of Nepal | US$ 30.00 |
| | (All price include mailing charges) | |

To,


प्रकाशक:

**नेपाल हस्तकला महासंघ**
पो.ब.नं. ७८४, उपमामार्ग, थापाथली
काठमाडौं, नेपाल
फोन : ४२४३०१५, ४२४४२३१, ४२४५४६७
फ्याक्स: ९७७–१–४२२२९४०
E mail: han @ wlink.com.np
URL: www.nepalhandicraft.org.np

**सम्पादक**
देबराज बज्राचार्य, ऋषिराज सुवेदी